**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**प्राविधिक सेवा, ए.ट्रा.स./एफास/सिई/ईई/मेई/आई.टि/ई.एण्ड टे.कम./फ्ला.अ.स. समूह, अधिकृत/बरिष्ठ अधिकृत छैठौं र साता तहको खुला/आन्तरिक प्रतियोगितात्मक परीक्षाको प्रस्तुतीकरण सम्वन्धी पाठ्यक्रम**

**द्वितीय चरण :– समूहमा व्यक्तिगत प्रस्तुतीकरण (Individual Presentation in Group) पूर्णाङ्क :– २०**

सामुहिक परीक्षण व्यक्तित्व परीक्षण (Personality Test) को एक अंश हो । नेपाल नागरिक उड्डयन प्राधिकरण सेवाको क्षेत्र विस्तार तथा कार्य पद्धति परिवर्तन समेत भैरहेको सन्दर्भमा प्राधिकरणका नीति, योजना, कार्यक्रम आदि माथि विचार विमर्श, छलफल गरी तिनको अझै बढी प्रभावकारी तथा कार्यान्वयन योग्य समाधान पहिल्याउने सम्बन्धमा उम्मेदवारहरुको क्षमता पहिचान गर्नु यस परीक्षणको मूल मर्म हो । यसको लागि छलफल, विचार-विमर्श गरी परिस्थिति बुझ्न सक्ने, निर्णय दिने, जनतालाई क्रियाशील बनाउने, चित्त बुझाउने, निर्धारित लक्ष्य अनुसार काम गर्ने/गराउने, जस्ता कामका लागि लेखन क्षमताका साथ साथै समस्यालाइ यथार्थ परक ढंगले पहिचान गर्न सक्ने, वाकपटुता, शिष्टता, तर्कशक्तिको पनि आवश्यकता पर्दछ ।

त्यसैले यस परीक्षणमा उम्मेवारहरुको बौद्धिक क्षमता, संचार सीप, समूह गतिशिलता, व्यवहार, व्यक्तित्व, मनोवृति, क्रियाशीलता, निर्णयशक्ति, समस्या समाधान क्षमता, नेतृत्व क्षमता, समय व्यवस्थापन तथा व्यक्तित्वमा भएका अन्य गुणहरुका आंकलन अर्थात परीक्षण र मूल्यांकन गर्नको लागि उम्मेवारहरुलाई कुनै समसामयिक विषय/सवाल/समस्यामा सामुहिक छलफल गरी प्रभावकारी र कार्यान्वयन योग्य समाधान निकाल्न दिइन्छ ।

यस प्रयोजनको लागि गरिने परीक्षण २० पूर्णाङ्क र समय ३० मिनेट अवधिको हुनेछ । जुन नेता विहिन सामुहिक छलफल (Leaderless Group Discussion) को रुपमा अवलम्बन गरिने छ । दिइएको प्रश्न वा Topic का विषयमा पालैपालोसंग निर्दिष्ट समयभित्र समूहबीच छलफल गर्दै प्रत्येक उम्मेवारले व्यक्तिगत प्रस्तुति (Individual Presentation) गर्नु पर्नेछ ।

**सामूहिक छलफलमा दिइने नमुना प्रश्न वा Topic**

उदाहरणको लागि - नेपालमा हवाई सेवा विस्तार, विमानस्थल व्यवस्थापन, उड्डयन सुरक्षा, उर्जा संकट, प्रतिभा पलायन, उड्डयन क्षेत्रमा प्राधिकरणको नियमनकारी भूमिका जस्ता Topics मध्ये कुनै एक Topic मात्र दिइनेछ ।

**Group Test Presentation मूल्यांकनका आधारहरु**

देहायका मूल्यांकनका आधारहरुमा केन्द्रित रही प्रत्येक उम्मेदवारको समग्रतामा मूल्यांकन गर्ने ।

१. समस्या पहिचान गर्न सक्ने क्षमता/सुझबुझ (Grasping Power)
२. बुद्धिको तीक्ष्णता (Intellectual Sharpness)
३. सार्थकता र सिर्जनशीलता (Liveliness and Creativity)
४. अभिव्यक्ति क्षमता (Power of Expression)
५. आत्मविश्वास (Self - confidence)
६. व्यक्तिगत सहभागिता (Individual Participation)
७. समूह कार्य (Teamwork)
८. निर्णय लिने शक्ति (Decision Making Capacity)
९. समस्या समाधानको क्षमता (Problem Solving Ability)
१० समय व्यवस्थापन (Time Management)